नेपाल सरकार
## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(.............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- १२८५

मिति: २०८१/१२/१३

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, २०५०

श्री गाउँपालिका अध्यक्ष ज्यू,
छार्कताङसोङ गाउँकार्यपालिकाको कार्यालय,
कागकोट, डोल्पा ।

विषयः सूचना टाँस गरी सो को मुचुल्का उपलब्ध गराई दिने बारे ।

उपरोक्त सम्बन्धमा कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लाको भारबुंग नदी र तातु खोला बाट विद्युत उत्पादन गर्ने सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको विद्युत विकास विभाग प्रस्तावक रहेको भारबुंग जलाशययुक्त जलविद्युत आयोजना (३२८.१ मे.वा.) को सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरी सो को मुचुल्का उपलब्ध गराई दिन हुन हार्दिक अनुरोध गर्दछु ।

.....................
सविन दुलाल
इन्जिनियर

छार्का ताङसोङ गाउँपालिका
दर्ता नं. ३८५
दर्ता मिति २०८१/१२/१८

श्री प्रशासन
सूचना टाँसगरी सो को जानकारी पठाउनु ।

श्री सूचना प्रविधि शाखा
गाउँपालिकाको वेबसाईट र फेसबुक पेजमा अपलोड गर्नु ।

२०८१/१२/१४

नेपाल सरकार

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

# विद्युत विकास विभाग

(.......................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल


पत्र संख्या:- ०८१/८२

चलनी नं.:- १५३६

मितिः २०८१/१२/१२

श्री गाउँपालिका अध्यक्ष ज्यू,

छार्कताङसोङ गाउँकार्यापालिकाको कार्यालय,

कागकोट, डोल्पा ।

**विषयः सार्वजनिक सुनुवाईमा उपस्थित भई दिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लाको भारबुंग नदी र तातु खोलाबाट विद्युत उत्पादन गर्ने सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको विद्युत विकास विभाग प्रस्तावक रहेको भारबुंग जलाशययुक्त जलविद्युत आयोजना, ३२८.१० मे.वा. को वातावरणीय प्रभाव मूल्याङ्कन (Environment Impact Assessment) प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई गर्न लागेको कुरा सहर्ष जानकारी गराउँदछौं ।

यस आयोजनाबाट प्रभावित हुने क्षेत्र डोल्पा जिल्लाको छार्का ताङसोङ गाउँपालिकाको वडा नं. ४, ५ र काइके गाउँपालिकाको वडा नं. १ रहेका छन् । वातावरण संरक्षण नियमावली, २०७७ को नियम (६) बमोजिम आयोजना कार्यान्वयन हुने क्षेत्रमा वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्ने भएकोले सम्बन्धित गाउँपालिकाहरू र त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, डिभिजन वन कार्यालय र अन्य सरोकारवाला व्यक्ति, संघ-संस्थाहरूले आ-आफ्नो राय सुझाव र सल्लाहहरू लिखित वा मौखिक रूपमा दिनको लागि निम्न स्थान र मितिमा आयोजना हुने सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन एक जना प्रतिनिधि पठाई दिनु हुन अनुरोध गर्दछु ।

सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः

| | |
|---|---|
| मितिः २०८१/१२/२२ गते, शुक्रवार<br>स्थानः लिरी खोला, काइके गाउँपालिका वडा नं. १<br>समयः बिहानको १० बजे | मितिः २०८१/१२/२४ गते, आइतबार<br>स्थानः छार्का ताङसोङ गाउँकार्यपालिकाको कार्यालय, छार्का ताङसोङ गाउँकार्यपालिका वडा नं. ०४, कागकोट<br>समयः बिहानको १० बजे |

.............................

सबिन दुलाल

इन्जिनियर

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत विकास विभाग

# भारबुंग जलाशययुक्त जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति: २०८१/१२/१४)

विद्युत विकास विभागले कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लाको छार्का ताङसोङ र काइके गाउँपालिका भएर बग्ने भारबुंग नदी र तातु खोलाको पानी प्रयोग गरी ३२८.१० मेगावाट क्षमताको भारबुंग जलाशययुक्त जलविद्युत आयोजना प्रस्ताव गरेको छ। भारबुंग जलाशययुक्त जलविद्युत आयोजना भारबुंग नदीमा र तातु जलविद्युत आयोजना तातु खोलामा प्रस्ताव गरिएको छ। भारबुंग आयोजनाका लागि कागकोट बस्तीबाट अन्दाजी ३.७९ किलोमिटर माथि १६९ मि. अग्लो बाँध बनाई ५.१ मि. व्यासको १५.१२७ कि.मि. लामो सुरुङ माध्यम बाट लिरी खोला नजिक भारबुंग नदीको दायाँ किनारमा विद्युतगृह निर्माण गरी ३२५ मेगावाट ऊर्जा उत्पादन गरिनेछ। त्यसै गरी, तातु आयोजनाका लागि तातु र भारबुंग नदीको संगमदेखि लगभग १२ कि.मि. (aerial distance) माथि तातु खोलामा ३ मि. अग्लो बाँध (weir) निर्माण गरी कागकोट गाउँ भन्दा अन्दाजी २ कि.मि. तल भारबुंग नदीको दायाँ भागमा विद्युतगृह निर्माण गरी ३.१ मेगावाट विद्युतीय उर्जा उत्पादन गर्ने र विद्युत उत्पादन पश्चात् निस्किएको पानी भारबुंगको हेडरेस सुरूङ्गमा मिसाई भारबुंग जलाशययुक्त जलविद्युत आयोजनामा पानीको मात्रा थप गर्ने योजना पर्दछन्। तातु जलविद्युत आयोजनाले उत्पादन गरेको ऊर्जालाई भारबुंग जलविद्युत आयोजनाको निर्माणका समयमा प्रयोग गर्ने र सो पश्चात् भारबुंग जलाशययुक्त जलविद्युत आयोजनाकै प्रसारण लाइनमा जोडने योजना रहेको छ। तातु जलविद्युत आयोजनाबाट विद्युत उत्पादन पश्चात् निस्किएको पानीलाई भारबुंग आयोजनाको हेडरेस सुरुङ्गमा जोड्नका लागि तातुको tailwater लाई सुरूमा पानी सङ्कलन गर्ने सानो पोखरी (Collection pond) मा जम्मा गरिने छ र त्यसपछि तेर्सो सुरूङ्ग र ठाडो shaft हुदैं जोडिने छ। यसरी तातुको आयोजनाबाट निस्किएको पानी भारबुंग आयोजनामा जोड्दा भारबुंग आयोजनालाई १.६९ घनमिटर प्रति सेकेण्ड थप पानी उपलब्ध हुनेछ।

सो प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षन ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप यो सूचना प्रकाशित गरिएको छ। यस सूचना मार्फत प्रस्तावित आयोजनाबाट प्रभावित हुने सम्बन्धित गाउँपालिका तथा वडाहरू र त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वस्थ चौकी, डिभिजन वन कार्यालयका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरू, स्थानीय महानुभावहरु साथै अन्य सबै सरोकारवालाहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थित भई यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर छलफलमा सहभागी भई यहाँहरुको अमुल्य राय-सुझाव लिखित वा मौखिक रुपमा दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

| | | |
|---|---|---|
| आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण | कर्णाली प्रदेश, डोल्पा जिल्ला, छार्का ताङसोङ गाउँपालिकाको वडा नं. ४, ५ र काइके गाउँपालिकाको वडा नं. १ | |
| सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान | मितिः २०८१/१२/२२ गते, शुक्रवार<br>स्थानः लिरी खोला, काइके गाउँपालिका वडा नं. १<br>समयः बिहानको १० बजे | मितिः २०८१/१२/२४ गते, आइतबार<br>स्थानः छार्का ताङसोङ गाउँकार्यपालिकाको कार्यालय, छार्का ताङसोङ गाउँकार्यपालिका वडा नं. ०४, कागकोट<br>समयः बिहानको १० बजे |

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः<br>विद्युत विकास विभाग<br>सानो गौचरण, काठमाडौं, नेपाल<br>फोन नं.- ९७७-१-४४३४११९<br>इमेलः info@doed.gov.np | परामर्शदाताको नाम र ठेगानाः<br>FICHTNER GmbH & Co. KG, हाइड्रो-कन्सल्ट इन्जिनियरिङ्ग लिमिटेड र NEWJEC Inc.<br>गङ्गा देवी मार्ग, बुद्धनगर-१०<br>काठमाडौं, नेपाल<br>पोष्ट बक्स नं- १४४०८<br>टेलिफोन नं- ९७७-१-४७९२५०७/४७९५९२०<br>इमेल : service@hcel.com.np |